मिति : २०७५/०९/२९

# सीपमुलक तालिम सम्बन्धी सूचना

भरतपुर महानगरपालिकाको चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार लक्षित समुह (दलित, आदिवासी/जनजाति, मुस्लिम र पिछडा वर्ग ) लाई विभिन्न सीपमूलक तालिम सम्बन्धी कार्यक्रम रहेको छ । सो अन्तरगत लक्षित समूहका ७२ जना सहभागीलाई इलेक्ट्रिसियन, मोवाइल मर्मत, वाल पेन्टिङ, कृषि नर्सरी र प्लम्बिङ्ग सम्बन्धी तालिम प्रदान गर्न तपसिल अनुसारको बजेट परिधिमा उल्लिखित संख्याको सहभागिता गराउने गरी तालिम प्रदान गर्न योग्यता प्राप्त इच्छुक संस्थाले मिति २०७५/१०/१३ गते सम्म भरतपुर महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, स्वास्थ्य तथा सामाजिक विकास महाशाखामा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

१. संस्थाको योग्यता

- संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भई निरन्तर नवीकरण भएको,
- भरतपुर महानगरपालिकालाई कार्यक्षेत्र बनाई सक्रिय रुपमा कार्यरत रहेको,
- समाज कल्याण परिषदमा आवद्ध भएको,
- सहभागी मध्ये कम्तिमा ५० प्रतिशतलाई पायक पर्ने स्थानमा तालिम संचालन गर्न सक्ने,
- तालिम पश्च्यात् सहभागीहरुलाई निरन्तर अनुगमन, पृष्ठपोषण र तालिमको उपयोग गर्न उत्प्रेरित गर्न सक्ने,
- सहभागीलाई तालिमसँग सम्वन्धित विषयको व्यवसाय शुरुवात गर्न सहयोग गर्ने सक्ने,
- सहभागीहरुले तालिमबाट सिकेको सीपको उपयोग वा प्रभावकारिता सम्बन्धमा अनुगमन गरी निरन्तर सुझाव दिनसक्ने,
- संस्थाको विस्तृत आर्थिक एवंम् प्राविधिक प्रस्ताव पेश गर्नुपर्ने,
- कुनै रजिष्टर्ड फर्म वा कम्पनीले समेत आफ्नो व्यवसायिक अनुभव र योग्यता सहित पेश गर्न सक्ने छ।

नोटः संस्थाहरुले आफ्नो विषय विज्ञताको आधारमा पुरै वा कुनै एक वा एक भन्दा बढी तालिमको लागि प्रस्ताव पेश गर्न सक्नेछ । योग्यता प्राप्त संस्थाले पेश गरेको प्रस्तावको प्राविधिक र आर्थिक मूल्याङ्कन गरी योग्य संस्थाको छनौट गरिनेछ । सहभागीको संख्या सहितको विवरण पछि प्रकाशित गरिनेछ।

पेश गर्ने
महिला विकास अधिकृत

स्वीकृत गर्ने
प्र. महिला विकास अधिकृत

Scanned by CamScanner

**Per Participant Expenditure**

| क सं | लक्षित समूह | सहभागी संख्या | वजेट (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १. | दलित | २२ | २.७५ | |
| २. | आदिवासी/ जनजाति | २२ | २.७५ | |
| ३. | मुस्लिम | १४ | १.७५ | |
| ४. | पिछडा वर्ग (माझि, चेपाङ, बोटे, तामाङ, दराइ, कुमाल, भुजेल) | १४ | १.७५ | |

प्र० महिला विकास अधिकृत

Scanned by CamScanner